# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १५ (नियम २६ को उपनियम २ सँग सम्बन्धित)

**१. सञ्चालक समितिको प्रतिवेदन :**

सञ्चालक समितिको प्रतिवेदन आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**२. लेखा परीक्षकको प्रतिवेदन :**

लेखा परीक्षकको प्रतिवेदन आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**३. लेखा परीक्षण भएको वित्तीय विवरण :**

लेखा परीक्षण भएको वित्तीय विवरण आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदनमा संलग्न छ ।

**४. कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा बैंकले वा बैंकको विरूद्ध दायर भएको मुद्दाको विवरण :

यस बैंकबाट प्रवाह गरिएको कर्जाहरू (ऋण) मध्ये भुक्तानी लिन बाँकी कर्जा असुली तथा सोसंग सम्बन्धित रहेका विभिन्न शिर्षकका ६४ थान कर्जाहरूको मुद्दा विभिन्न अदालतमा चलिरहेको छ । यस बैंकको अगुवाईमा कर्जा प्रवाहको लागि सम्झौता भएका ऋणीबाट लिएको शुल्क फिर्ताको लागि ऋणीबाट दायर भएको १ थान मुद्दा उच्च अदालतमा बिचाराधिन रहेको छ ।

(ख) बैंकका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा :

यस सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा :

यस सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

**५. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गर्ने भएको हुँदा सोही मूल्य तथा मान्यता अनुरूप हुने गरेको ।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा बैंकको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार संख्या र कारोवार भएको दिन (नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार)

| | पहिलो त्रैमासिक | दोश्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक |
|---|---|---|---|---|
| अधिकतम मूल्य | ९४० | ८१४ | ६७८ | ६५५ |
| न्यूनतम मूल्य | ७५२ | ४७४ | ४१३ | ५२० |
| अन्तिम मूल्य | ८१३ | ५१० | ६४३ | ५४५ |
| कारोवार संख्या | ८,५९५ | ४,६६६ | ४,०५१ | ४,१२५ |
| कारोवार दिन | ५५ | ५७ | ५९ | ५७ |

## ६. समस्या तथा चुनौती :

**आन्तरिक समस्या तथा चुनौतीहरू :** विकास खर्चमा कमी, आयातको उल्लेख्य विस्तार र विप्रेषण आप्रवाहको बृद्धिदरमा गिरावट, तरलतामा आएको उतार चढाव र सोको कारण निक्षेप र कर्जाको ब्याजदर व्यवस्थापनमा समस्या, बैंकिङ्ग क्षेत्रमा दक्ष मानव श्रोतको कमि, वैकल्पिक लगानी क्षेत्रको अभाव आदिका बावजुद पनि व्यवसायमा भईरहेको वृद्धिका कारण जोखिम व्यवस्थापनका क्षेत्रमा देखिएका कठिनाईहरूलाई चुनौतीको रूपमा लिईएको छ। यस्ता चुनौतीहरूलाई व्यवस्थापन गर्दै जानु पर्ने भएकाले संचालन खर्चमा बृद्धि हुँदै गएको छ। यस अवस्थामा बैंकलाई स्वस्थ रूपमा संचालन गरी मुनाफामा वृद्धि गर्दै लैजाने कार्य चुनौतीपूर्ण रहेको छ।

**वाह्य समस्या तथा चुनौतीहरू :** अन्तर्राष्ट्रिय आर्थिक परिदृश्यले नेपाली मुद्रा अमेरिकी डलरको तुलनामा अवमुल्यन भएको, पुँजी बृद्विको तुलनामा व्यवसाय विस्तारका लागि वैकल्पिक क्षेत्रमा लगानीको अभाव रहेको, अस्थिर तरलता देखिएका कारण बैकिङ्ग व्यवसायमा असर पर्ने देखिन्छ। आ.व. २०७३/०७४ मा देखिएको देशको अस्थिर राजनैतिक अवस्था, बैकिङ्ग क्षेत्रमा बढ्दो अस्वस्थ प्रतिस्पर्धा आदिलाई बैंकले वाह्य समस्या तथा चुनौतीको रूपमा लिएको छ। कावुभन्दा बाहिरको अवस्थामा बाहेक उक्त चुनौतीहरूबाट सिर्जना हुने जोखिमलाई समाधान गर्न उपयुक्त जोखिम व्यवस्थापनलाई प्राथमिकता दिँदै अगाडी बढ्ने रणनीति बैंकले लिएको छ।

## ७. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

(क) सञ्चालक समितिले स्वीकृत गरेका नीतिहरूलाई कार्यान्वयनमा ल्याईएको।

(ख) व्यवस्थापन तहमा गठन गरिएको विभिन्न समितिहरू (जस्तै : सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपूर्ति समिति, कर्जा जोखिम ब्यवस्थापन समिति आदी) क्रियाशिल रहेको।

(ग) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षकबाट नियमित रूपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिइएको सुझावहरूको समीक्षा तथा कार्यान्वयन गराउन लेखापरीक्षण समितिको बैठक नियमित बस्ने गरेको र सो बाट प्राप्त निर्देशनहरूलाई तत्कालै कार्यान्वयनमा ल्याइने गरिएको।

(घ) जोखिम ब्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको र सो बैठकमा भार परिक्षण, नीति नियमहरूको प्रयाप्तता, संचालन जोखिम जस्ता विषयहरूमा छलफल हुने गरेको र व्यवस्थापनलाई प्राप्त निर्देशनहरूलाई पालना गर्दै आएको।

(ङ) बैकिङ्ग कारोवारलाई व्यवस्थित गर्नका साथै संचालन जोखिमहरू न्यूनिकरण गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरू तर्जुमा गरि लागू गरिएको।

(च) बैंक भित्र संस्थागत सुशासन कायम गराउने हेतुले संस्थागत सुशासन समितिको गठन गरिएको र सो सम्बन्धमा समय समयमा वैठकमा छलफल पश्चात भएका निर्णयहरूलाई कार्यान्वयन गरिएको। बैंकमा संस्थागत सुशासन कायम राख्नमा मुख्य जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतलाई दिईएको।